मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २५ गते बुधबार ❑ 9 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।–

## प्रधानमन्त्रीसँग गण्डकीसहित पाँच प्रदेश प्रमुखहरूको भेटवार्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टसहित पाँच प्रदेश प्रमुखहरुले प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गर्नुभएको छ । काठमाण्डौमा उपलब्ध पाँच प्रदेश प्रमुखहरुले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सोमबार राति प्रधानमन्त्री ओलीसँग भेट गर्नुभएको हो ।

भेटमा संघीयताको कार्यान्वयन, प्रदेश सरकारको कामकारबाही तथा संघ र प्रदेश सरकारको समन्वयका विषयमा छलफल भएको थियो । उहाँहरूबीच आ–आफ्नो प्रदेशको अवस्थाका बारेमा छलफल भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

प्रधानमन्त्री ओलीसँग भेट गर्न पाँच प्रदेशका प्रदेश प्रमुखहरू सोमबार अबेर बालुवाटार पुग्नुभएको थियो । गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट, कोशी प्रदेश प्रमुख परशुराम खापुङ, मधेश प्रदेश प्रमुख सुमित्रा



सुवेदी भण्डारी, बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा र सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँ भेटमा सहभागी हुनुहुन्थ्यो । कोशी र कर्णालीका प्रदेश प्रमुख असार १८ गते राष्ट्रपतिसँग भेटपछि काम विशेषले आफ्नो प्रदेश फिर्ता भएकाले उपस्थित हुन सक्नुभएन । प्रदेश प्रमुख प्रदेशको प्रमुखमात्र नभई केन्द्रको प्रतिनिधि पनि भएकाले संघ र प्रदेशबीचको समन्वयकर्ता रहेको प्रधानमन्त्री ओलीले बताउनुभयो । प्रधानमन्त्री ओलीले पछिल्लो समय संघीयता र त्यसमाथि पनि प्रदेश संरचनाको आलोचना भएको उल्लेख गर्दै संघीयतालाई बलियो र प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।

सामूहिक भेटवार्तामा प्रदेश प्रमुखहरूले राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा सात वटै प्रदेशका प्रमुखहरु शितल निवास पुगी भेटवार्ता र छलफल गरेको जानकारी गराउनुभयो । प्रदेश प्रमुखहरूले आफ्नो कार्यक्षेत्रका सामाजिक, राजनीतिक तथा आर्थिक अवस्थाबारे साझा अवधारणा बनाई प्रधानमन्त्री समक्ष प्रतिवेदन हस्तान्तरण गर्नुभएको थियो । प्रदेश प्रमुखहरूले आफूले भोग्नुपरेका कठिनाइ, कानुन तथा नियममा रहेका अन्यौलहरूको बारेमा जानकारी गराउँदै यसको समाधानका लागि प्रधानमन्त्रीसमक्ष अनुरोध गर्नुभयो । गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले प्रधानमन्त्रीसँगको भेटमा मुख्यतः संघीयताको प्रभावकारी कार्यान्वयनको विषयमा छलफल भएको जानकारी दिनुभयो ।

उक्त अवसरमा प्रदेश प्रमुखहरूले प्रधानमन्त्रीसँग नियमित सम्पर्क र समन्वयका लागि आग्रह पनि गर्नुभएको थियो । प्रधानमन्त्री ओलीले संघीयताको प्रभावकारी कार्यान्वयन, यसमा देखिएका समस्या र समाधानका उपायबारे सबै प्रदेश प्रमुख र मुख्यमन्त्रीहरूलाई बोलाएर छलफल गर्ने बताउनुभएको छ ।

उक्त अवसरमा गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट र सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँले आफ्ना प्रदेश कार्यालयबाट प्रकाशित बुलेटिन प्रधानमन्त्रीलाई हस्तान्तरण गर्नुभएको थियो ।

## सहमति जुटेपछि चिकित्सक सङ्घको आन्दोलन स्थगित

**रासस**
काठमाडौं, २४ असार

सरकार र आन्दोलनरत नेपाल चिकित्सक सङ्घबीच सहमति जुटेको छ । आन्दोलनरत चिकित्सक र सरकारबीच तीन बुँदे सहमति भएसँगै सङ्घले आह्वान गरेका सबै आन्दोलनका कार्यक्रमहरू स्थगन भएको छ ।

उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा गरेको कारबाहीको निर्णयप्रति गम्भीर आपत्ति जनाउँदै सङ्घको नेतृत्वमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले हिजो र मंगलबार आकस्मिकबाहेकका सम्पूर्ण सेवा बहिष्कार गरेर सेवा नै ठप्प पारेका थिए । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सङ्घका प्रतिनिधिसहित स्वास्थ्यमन्त्री प्रदीप पौडेल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीबीच मंगलबार वार्ता भएको थियो ।

मागहरूको सम्बोधन गर्न विद्यमान कानुनी एवं नीतिगत व्यवस्थामा आवश्यक संशोधनलगायत विषयमा सात दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्नेगरी कार्यदल गठन गर्ने सहमति भएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा प्रमुख संयोजक, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिवस्तरको एक सदस्य र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सदस्य प्रतिनिधि रहने गरी कार्यदल गठन गर्ने भनिएको छ ।

त्यसैगरी कार्यदलबाट प्राप्त प्रतिवेदन तीनै जना मन्त्री र नेपाल चिकित्सक सङ्घलगायत सरोकारवाला पक्षहरू सम्मिलित यसै वार्तामा टोलीमा पेस गरी सोहीअनुसार कार्यान्वयन गर्ने, उपभोक्ता संरक्षण ऐन, २०७५ लगायतका विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको आवश्यक संशोधनका लागि ११ दिनभित्रमा नेपाल सरकार मन्त्रिपरिषद्बाट सम्बन्धित मन्त्रालयले सैद्धान्तिक सहमति लिने र 'फास्ट ट्र्याक'बाट कानुन संशोधनको लागि यथाशीघ्र प्रक्रियाअघि बढाउने सहमति भएको छ ।

नेपाल चिकित्सक सङ्घलगायत सरोकारवाला सङ्घसंस्थाले सबै किसिमको आन्दोलन आजैका मितिदेखि स्थगन गरी नियमित सेवा पुनः सञ्चालन गर्ने पनि सहमति जुटेको हो । चिकित्सकहरूले उपभोक्ता संरक्षण ऐन, २०७५ को व्यवस्था संशोधन गर्नुपर्ने माग राख्दै आन्दोलनमा उत्रेका थिए । बिरामीको उपचारमा लापर्वाही गरेको भन्दै उपभोक्ता अदालतले पछिल्लो समय केही अस्पताललाई क्षतिपूर्ति तिराउने फैसला गरेको थियो ।

## रसुवा बाढीमा परेका नौ जनाको शव फेला, १९ अझै बेपत्ता

**रासस**
काठमाडौं, २४ असार

रसुवामा मंगलबार गएको बाढीमा परेकामध्ये नौ जनाको शव फेला परेको छ ।

मंगलबार राति एकजनाको शव चितवनमा भेटिएसँगै मृत्यु हुनेको सङ्ख्या नौ पुगेको छ ।

प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको पछिल्लो विवरणअनुसार अझै १९ जना बेपत्ता रहेका छन् । उक्त बाढीमा परेर रसुवाबाट हराइरहेका प्रहरी सहायक निरीक्षक लालबहादुर श्रेष्ठको शव चितवनको १५ किलोस्थित त्रिशूली नदी किनारमा फेला परेको हो ।

कूल २० जना बेपत्ता रहेकामा उनको शव फेला परेपछि अब १९ जना बेपत्ता रहेका प्रहरीको केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार दुई प्रहरी, छ जना चिनियाँ नागरिक र ११ जना सर्वसाधारण बेपत्ता छन् । यस्तै ५७ जनाको उद्धार भएको प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

उक्त बाढीमा परेकाको उद्धारका लागि ३८३ जना प्रहरी टोली परिचालन गरिएको थियो । उक्त बाढीले नेपाल चीन सीमा क्षेत्रको मितेरी पुल बगाएको, २४ वटा कन्टेनर, छ वटा ट्रक र ३५ वटा इभी गाडी बगाएको छ । धुञ्चेदेखि टिमुरे जाने सडकसमेत अवरुद्ध भएको छ । रसुवागढी हाइड्रोको ड्याम, भन्सार कार्यालय रसुवाको यार्डमा समेत क्षति भएको छ ।

## गण्डकी प्रदेशका आकस्मिक बाहेकका स्वास्थ्य सेवा मंगलबार पनि प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

नेपाल चिकित्सक संघ केन्द्रीय समितिको आह्वानमा सुरु भएको बिरोध कार्यक्रम अन्तर्गत मंगलबार पनि गण्डकी प्रदेश सहित देशभर आकस्मिक बाहेकका सम्पूर्ण स्वास्थ्य सेवा प्रभावित भएको छ । चिकित्सकहरु नै आन्दोलनमा उर्त्रिदै ओपीडी सेवा ठप्प पारे पछि सेवाग्राहीले सास्ती भोग्नु परेको छ ।

गण्डकी प्रदेशभरका सरकारी तथा निजी अस्पताल, मेडिकल कलेज, प्रतिष्ठान, विश्वविद्यालय अन्तर्गतका अस्पताल, गैरसरकारी संस्था तथा निजी क्लिनिकहरूले आकस्मिक सेवा बाहेकका सम्पूर्ण सेवा बन्द गर्दै चिकित्सकहरु आन्दोलित भएसंगै आकस्मिक बाहेकका सम्पूर्ण स्वास्थ्य सेवा मंगलबार पनि प्रभावित भएको हो ।




नेपाल चिकित्सक संघ गण्डकीले सबै स्वास्थ्यकर्मी, अस्पताल प्रशासन र साथ दिने संघ संस्थाहरू प्रति धन्यवाद ज्ञापन दिदै मंगलबार पोखरामा कोण सभा समेत आयोजना गर्यो । पोखराको पृथ्वीचोकमा प्रदर्शन सहित कोर्ण सभामा संघ गण्डकीका सल्लाहकारहरु डा.बुद्धिबहादुर थापा, डा. माधवबाबु तिवारी, डा.बसन्त ताम्राकार, डा.गिरीधारी शर्मा, डा.निर्मल लामिछाने लगायतले राज्यले चिकित्सकहरुको माग पूरा नगरेसम्म आफुहरुले जस्तो सुकै आन्दोलन गर्न पछि नपर्ने चेतावनी दिनुभएको थियो । केन्द्रको निर्देशन अनुसार आफुहरु समेत आन्दोलिन भएको बताउदै संघ गण्डकीका अध्यक्ष डा.सुनिल पनेरुले सरकारले वार्ताबाट आफुहरुको माग पूरा नगरेसम्म आन्दोलन जारी रहने जनाउनुभयो । संघको प्रमुख माग उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ मा रहेको अस्पष्टता हटाई चिकित्सकीय सेवाको परिभाषा स्पष्ट पार्नुपर्छ भन्ने रहेको छ । यस्तै, चिकित्सा पेशाको नियमन नेपाल मेडिकल काउन्सिलबाट नै हुनुपर्ने, त्रुटि वा लापरवाहीको छानबिन विज्ञहरूबाट गर्नुपर्ने, र कानुनमा पहिल्यै क्षतिपूर्तिको व्यवस्था भएकाले थप प्रावधान आवश्यक नरहेको संघको भनाइ रहेको छ । संघले हालको कानुनी अन्योलताले चिकित्सकहरू उपचारमा मनोवैज्ञानिक दबावमा पर्ने, अनावश्यक परीक्षण गर्नुपर्ने र बिरामीको उपचार लागत बढ्ने खतरा रहेको भन्दै ध्यानाकर्षण गराउदै आएको छ । नेपाल चिकित्सक संघले आन्दोलनका कारण आम सर्वसाधारणलाई परेको असुविधा प्रति क्षमा माग्दै यसको जिम्मेवारी राज्यको रहेको स्पष्ट पारेको छ । गण्डकी प्रदेशमा करिब ६ सय चिकित्सकहरु रहेको संघ गण्डकीका सचिव डा.नवराज लम्डारीले बताउनुभयो ।

## व्यास नगरपालिकाको एक अर्ब ८१ करोडको बजेट पारित

**पोखरापत्र संवाददाता**
दमौली, २४ असार

तनहुँको व्यास नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट पारित गरेको छ । नगरपालिकाको मंगलबार आयोजित ४३ औं नगरसभाले आगामी आवका लागि रु एक अर्ब ८१ करोड ७६ लाख १९ हजारको आयव्यय बजेट सर्वसम्मत पारित गरेको हो ।

नगरपालिकाले गत असार १० गते आगामी आवका लागि बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरेको थियो । प्रस्तावित बजेटमध्ये चालुतर्फ ५५ दशमलव ८५ प्रतिशत र पुँजीगततर्फ ४४ दशमलव १५ प्रतिशत रहेको जनाइएको छ ।

नगरसभामा आव ०८२/८३ को प्रस्तावित बजेट, आर्थिक विधेयक २०८२, विनियोजन विधेयक २०८२ र विभिन्न समिति र कार्यालय प्रमुख एवं शाखा प्रमुखहरूको प्रस्तावउपर दलबहादुर दुरा, चेतबहादुर दरै, मणिजङ्ग बस्नेत, दधिराज घिमिरे, सरोज भण्डारी, दुर्गाबहादुर आले, हरिशचन्द्र पन्थ, ढालप्रसाद घिमिरे, सुन्दर वाग्ले, रामप्रसाद मिश्र, विज्ञान कैनी, कमला विक, हर्कबहादुर कार्की, सरस्वती सुनार, राधा विक, गौकुमारी न्यौपानेले छलफलमा भाग लिनुभएको थियो । नगरसभामा न्यायिक समिति संयोजक इन्दिरा दरै, सामाजिक विकास समिति संयोजक चन्द्रमाया परियार, पूर्वाधार विकास समिति सुरेश थापा, आर्थिक विकास समिति संयोजक खेमराज पोखेल, विधायन समितिका संयोजक रमेशचन्द्र हड्खले, लेखा समिति संयोजक विष्णुकुमार श्रेष्ठ, सुशासन समिति संयोजक दलबहादुर दरै, वन वातावरण समिति संयोजक रनसिं नेपालीले समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । नगरसभाले नगरसभा सदस्य गौकुमारी न्यौपानेको संयोजकत्वमा दधिराज घिमिरे, हर्कबहादुर कार्की सदस्य रहने गरी लेखा समिति पुर्नगठन गर्ने निर्णय गरेको छ ।

त्यस्तै यज्ञ शर्माको संयोजकत्वमा रफत साना मियाँ र गोकुल दुरा सदस्य रहने अनुशासन समिति गठन गर्ने निर्णय गरिएको छ । नगरसभाले व्यास नगरपालिका स्वास्थ्य सङ्गठन संरचना प्रतिवेदन र प्रशासनिक सङ्गठन संरचना संशोधन प्रतिवेदन, घर नक्सा मापदण्ड, मानुङकोट जग्गा विकाससम्बन्धी मापदण्ड संशोधन सहित पारित गरेको प्रवक्ता सुरेश थापाले जानकारी दिनुभयो ।

सीप सिकौं, आत्मनिर्भर बनौं
शैक्षिक सत्र २०८२/८३ को लागि पूर्ण रोजगार
एवं व्यवसायमूलक प्राविधिक शिक्षामा भर्ना खुल्यो
» Diploma in Computer / IT Engineering
» Diploma in Civil Engineering
» 18 Months Pre-Diploma in Civil Engineering
हाम्रा विशेषताहरू:
• सरकारी तथा गैर सरकारी रोजगारदाताहरुसँग समन्वय गरी पूर्ण रोजगारको सिर्जना गरिने ।
• जीवनभरी आफ्नो प्राविधिक सिपको प्रयोग गराइने ।
• प्राविधिक विषयमा आफ्नै कलेज वा अन्य कलेज तथा वैदेशिक विश्वविद्यालयमा डिग्री लिन सकिने ।
• जेहेन्दार, छात्रा, दलित, जनजाति, मधेशी, मुस्लिम, गरीब समुदायका र SEE मा उच्च अंक ल्याएका विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था ।
न्यूनतम शैक्षिक योग्यता: SLC वा SEE परीक्षामा अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषय लिइ न्यूनतम १.६ ल्याएका विद्यार्थीहरु ।
अन्तिम मिति: २०८२ श्रावण ११ गते सम्म
कक्षा संचालन: २०८२ श्रावण १३ गतेबाट
विस्तृत जानकारीको लागि:
पोखरा ईञ्जिनियरिङ कलेज
पोखरा-८ फिर्के । फोन नं. ०६१-५७५९२६, ५८१२०९, ९८५६५५०३६७
www.pec.edu.np

# विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना भविष्य निर्माण तर्फको ठूलो कदम हो : मन्त्री थापा

पोखरापत्र संवाददाता
गण्डकी, २४ असार

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले पोखरा-९ स्थित श्री सहारा बाल आधार भूत विद्यालयमा नवस्थापित विज्ञान प्रयोगशालाको उद्घाटन गर्दै यसलाई बालबालिकाको उज्यालो भविष्य निर्माणतर्फको महत्वपूर्ण कदमको रूपमा टिप्पणी गरेका छन् ।



प्रयोगशाला शुभारम्भका साथै विद्यालयलाई विभिन्न दाताहरूको सहयोगमा प्राप्त प्रोजेक्टर, साउन्ड सिस्टम र फर्निचर सामग्रीको पनि औपचारिक हस्तान्तरण गरिएको उक्त कार्यक्रममा मन्त्री थापाले भने, “हामीले चाहेको परिवर्तन यस्ता विद्यालयमै हुन्छ, जहाँ विज्ञान पढिन्छ, प्रयोग गरिन्छ र बालबालिकाले भविष्य कोर्छन्।”

उनले शिक्षा क्षेत्रमा प्रदेश सरकारको प्राथमिकता अनुसार सार्वजनिक-निजी साझेदारीमार्फत आवश्यक प्रविधि, पूर्वाधार र अवसरहरूलाई अगाडि बढाइने बताए ।

“एक पुस्ताको शिक्षा सुधार्न सके अर्को पुस्ताको भविष्य स्वतः उज्यालो हुन्छ”, मन्त्री थापाले थपे, “विद्यालयमा प्रयोगशाला, प्रविधि र सशक्त शिक्षक हुनु नै समावेशी र गुणस्तरीय शिक्षाको आधार हो ।” प्रदेश सरकारले २०८२ र ०८३ को बजेटमा समेत उक्त विद्यालयका लागि बजेट विनियोजन गरेको जानकारी उनले गराएका छन् । पहिले भन्दा अहिले विद्यालयमा आएको सुधार देखेर मन्त्री थापा खुशी छन् । पोखरा महानगरपालिका वडा नं. ९ का अध्यक्ष दिपेन्द्र मर्सानीले विद्यालयको स्तरोन्नतिका लागि प्रदेश सरकारसँग स्थानीय तह मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । सहारा बाल आधार भूत विद्यालयको भौतिक देखि शैक्षिक सुधारमा आफु सँधै साथमा रहेको अभिव्यक्ति उनको छ । पोखरा महानगरपालिकाका शिक्षा अधिकृत जीवन प्रसाद रेग्मीले महानगरपालिकाले शिक्षा क्षेत्रमा लगानी गरि यसको गुणस्तरियतामा ध्यान दिएको जनाए । पोखरा महानगरपालिका भित्र रहेका विद्यालयहरुको अनुगमन गरि आवश्यकता अनुसार सुधार गर्दै जाने भनाई उनको छ । विद्यालय संचालक समितिका अध्यक्ष विक्रम थकालीले विद्यालयका लागि सौजन्य गरेका दाताहरुलाई धन्यवाद दिँदै विद्यालयलाई प्रविधिमैत्री वातावरणमा शिक्षणविधि अप्नाउन सहयोग सामाग्रीले सहायता मिल्ने विश्वास व्यक्त गरे । प्रदेश सरकार आएको ८ वर्षमा पहिलो पटक विद्यालयका लागि रातो किताबमा नै बजेट विनियोजन हुनु सकरात्मक पक्ष रहेको उल्लेख गर्दै सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय सँगै मन्त्रीलाई उनले धन्यवाद दिए ।

विद्यालयका विषयमा जानकारी गराउँदै प्रधानाध्यापक लोचना अधिकारीले आर्थिक अवस्था कमजोर भएका विद्यार्थीको शैक्षिक स्तरमा सुधार ल्याउन महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरिन् । विद्यालयको स्तरोन्नतिका लागि शैक्षिक क्षेत्रको सुधारमा ध्यान पुर्याइएको अभिव्यक्ति उनको छ ।

कार्यक्रममा स्थानीय अभिभावक, विद्यालयका शिक्षक, विद्यार्थी र सहयोगी संस्थाहरूको उल्लेख्य उपस्थिति थियो । कार्यक्रममा सहयोग गर्ने दाताहरुलाई सम्मान समेत गरिएको थियो ।

# लैङ्गिक हिंसा व्यवस्थापन विषयमा पोखरा महानगरका महिला जनप्रतिनिधिसँग छलफल

पोखरापत्र संवाददाता
पोखरा, २४ असार

जिल्ला समन्वय समिति कास्कीको समन्वय र कोपिला नेपालको आयोजनामा “लैङ्गिक हिंसा व्यवस्थापनमा कानुनी सचेतना तथा सरोकारवालाहरूको भूमिका” विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



उक्त कार्यक्रममा पोखरा महानगरपालिकाका महिला जनप्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन लैङ्गिक हिंसा व्यवस्थापन जिल्ला सल्लाहकार समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले गर्नुभएको थियो । प्रमुख पौडेलले कास्की जिल्लालाई हिंसा-रहित क्षेत्र बनाउने उद्देश्यले सबै स्थानीय तहले आफ्नो नीति तथा कार्यक्रमलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले लैङ्गिक हिंसासहित सबै प्रकारका हिंसा अन्त्य गर्न महिला जनप्रतिनिधिहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । साथै, महिलाको समानता सुनिश्चित गर्ने संवैधानिक र कानुनी व्यवस्था उपेक्षा गर्ने कार्य क्षम्य नहुने भन्दै यस्ता गतिविधिलाई रोक्न सरोकारवाला निकायहरू थप गम्भीर बन्नुपर्ने धारणा राख्नुभयो ।

प्रमुख पौडेलले कानुनी सचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू सभ्य, सुसंस्कृत र सुरक्षित समाज निर्माणका लागि अत्यावश्यक रहेको बताउनुभयो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले सरकारको शून्य सहनशीलताको नीतिअनुसार महिलाविरुद्ध हुने कुनै पनि प्रकारको हिंसालाई कडाभन्दा कडा कारबाहीको दायरामा ल्याइने बताउनुभयो । उहाँले हिंसाका सबै रूप न्यूनीकरण गर्दै उन्मूलन गर्न राज्यका सम्पूर्ण निकाय र जनप्रतिनिधिहरूको सामूहिक समन्वय र सहकार्य आवश्यक रहेकोमा विशेष जोड दिनुभयो ।

कार्यक्रममा कास्की जिल्ला न्यायाधिवक्ता कमला काफ्ले र राष्ट्रिय मानव अधिकार आयोग, पोखरा कार्यालयकी प्रमुख नितु गर्तौलाले लैङ्गिक हिंसा व्यवस्थापनमा कानुनी सचेतना तथा सरोकारवालाहरूको भूमिका विषयमा सहजीकरण गर्नुभएको थियो । कोपिला नेपालका कार्यकारी निर्देशक बिना सिलवालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीकी उपप्रमुख सरिता मालले स्वागत मन्तव्य राख्नुभएको थियो भने जिल्ला समन्वय अधिकारी नवराज बरालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखरा-२५ हेमजाको सार्वजनिक सुनुवाइ कार्यक्रम

पोखरापत्र संवाददाता
गण्डकी, २४ असार

पोखरा महानगरपालिका वडा नं. २५ हेमजामा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ ।



पोखरा महानगरपालिका-२५ को वडा कार्यालयले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणका बारेमा केन्द्रित रहेर माछापुच्छे मिडिया एण्ड मल्टीपर्पोज प्रा.लि को समन्वयमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको हो । सार्वजनिक सुनुवाईमा सहभागी नगारिकहरुले खुलेरै गुनासा तथा सुझावहरू राखेका थिए । उक्त गुनासा र सुझावलाई पोखरमा महानगरपालिकाका प्रवक्ता तथा वडा अध्यक्ष तिम्सिनासँग जनप्रतिनिधि, वडाका विषयगत प्रमुखहरूले संवोधन गरेका थिए । सार्वजनिक सुनुवाइ कार्यक्रममा पछिल्लो समय वडामा भएको विकास निर्माणका कामलाई खुलेरै प्रशंसा व्यक्त गरेका थिए । आगामी दिनमा विकास निर्माण कार्यक्रममा असार मसान्त सम्म नकुरी चैत मासान्तमा नै सक्ने गरी काम गर्न सकेको खण्डमा अझै राम्रो हुने सुझाव दिएका थिए । त्यस अवसरमा जग्गा हालसाबिक, पुराना घर अभिलेखीकरण, सार्वजनिक सम्पत्ति, सिसिटिभी गुणस्तर शिक्षा, महानगरका मुख्य मुख्य बजारसम्म सिधा यातायात बस सेवा, बर्खे योजना तालिमका विषयमा प्रश्नहरू सोधिएको थियो । विकास निर्माणसँगै सेवा ग्राहीलाई दिने सेवा प्रवाहलाई अझै व्यस्थित गरेर लैजान सुझाव दिएका थिए । कार्यक्रममा बोल्दै महानगरपालिका प्रवक्ता तथा वडा नं. २५ का वडा अध्यक्ष मोतीलाल तिम्सिनाले सार्वजनिक सुनुवाइमा आएका सुझाव गुनासालाई वडाको तर्फबाट संवोधन गर्दै जाने विश्वास दिलाए ।

‘हामीले योजना सहित बजेट छुट्ट्याउन तर उपभोक्ता समितिलाई सम्झौता गर्न आउनु भनेर पटक पटक ताकेता गर्दा पनि अन्तिम तिर आउनुहुन्छ यो समस्या रहेको छ’ अध्यक्ष तिम्सिनाले भने ‘तपाईंहरूले भनेजस्तै विकास निर्माणको काम सक्न असार नै कुर्ने यो परिपाटी अन्त्य गर्न जरुरी छ ।’ उनले पोखरा महानगर पालिकाले यस वर्ष देखि जिरो देखि नै सडक बत्ती राख्ने कार्यक्रम रहेको बताउँदै यस वर्ष याम्दी देखि चाक्लेकुलासम्म सडक बत्ती जडान गरिने उल्लेख गरे । उनका अनुसार आगामी वर्षमा चाक्लेकुला देखि फेदी सम्म सडक बत्ती जडान गरिने छ । हेमजा रहेका बैक, वित्तीय संस्था तथा सहकारीसँग सहकार्य गरेर हेमजाका मुख्य मुख्य चोकमा सिसिटिभी क्यामरा जडान गरिने उनले जानकारी दिए ।

पछिल्लो समय जग्गा हालसाबिक प्रक्रिया झन्झटिलो भएको वडावासीको गुनासो आएका कारण नापी कार्यालयका प्रमुख सहितको टोलीलाई वडा कार्यालयमा नै ल्याएर छलफल गरिएको उनले जानकारी दिए । ‘हामीले नापी कार्यालयको टोलीलाई हालसाबिक गर्न हेमजामा नै आएर अस्थायी शाखा खोलेर काम गर्न अनुरोध गरेका छौं’ उनले भने, ‘उहाँहरूले दुई महिनाको समय दिनुभएको छ । दुई महिना पनि नापी कार्यालय पुगेरै काम गर्दा झन्झटिलो भयो भने यही आएर काम गर्छौं भन्नुभएको छ यो पनि समाधान हुन्छ ।’

# उपल्लो मुस्ताङमा बाढी, तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित रहन आग्रह

पोखरापत्र संवाददाता
मुस्ताङ, २४ असार

उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-४ चुमजुङ गाउँमाथिको लेकबाट लेदोसहितको भीषण बाढी आएको छ । मंगलबार साँझ ५ बजेदेखि लोमान्थाङको चुमजुङ लेकबाट भीषण लेदोसहितको बाढी आएको लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले जानकारी दिनुभयो ।

अहिलेसम्म चुमजुङ लेकबाट आएको भीषण बाढीका कारण लोमान्थाङ गाउँपालिकाभित्रका करिब चार वटाभन्दा बढी अस्थायी पुल र कल्भर्ट बगाइसकेको गाउँपालिका अध्यक्ष गुरुङले बताउनुभयो । “यहाँको चुमजुङगाउँमाथिको उच्चलेकबाट निकै ठूलो लेदोसहितको भीषण बाढी आइरहेको छ, यसले ठूलो क्षति निम्त्याउन सक्ने जोखिम बढेको छ”, अध्यक्ष गुरुङले भन्नुभयो, “हामी अहिले बाढीलाई नजिकबाट नियालिरहेका छौं, यहाँबाट मुस्ताङको तल्लो क्षेत्रमा कालीगण्डकी तटीय बस्तीलाई फोनबाट सर्तक रहन आग्रह गरेका छौं ।” अध्यक्ष गुरुङले उपल्लो मुस्ताङबाट भीषण बाढी आउन सुरू गरेको प्रहरी र प्रशासन सबैलाई जानकारी गराइएको बताउनुभयो ।

यहाँको बाढीको प्रभावले कालीगण्डकी तटीय क्षेत्रका बस्तीलाई थप जोखिम हुने देखिएकाले सर्तक रहन हामीले फोनमार्फत सूचना गरेको अध्यक्ष गुरुङको भनाइ छ । उपल्लो मुस्ताङको चुमजुङ गाउँ नेपाल-चीन सीमावर्ती नजिकको गाउँ हो । मंगलबार त्यहाँबाट अकल्पनीय रूपमा भीषण बाढी आउन सुरू गरेको छ ।





# कालीगण्डकी तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रह

पोखरापत्र संवाददाता
म्याग्दी, २४ असार

मुस्ताङको लोमन्थाङ गाउँपालिका–४ नाम्दोकको छुकार खोलामा आएको बाढीका कारण जोखिममा रहेका म्याग्दीस्थित कालीगण्डकी नदी तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रह गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले मंगलबार साँझ एक विज्ञप्ति जारी गर्दै तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन आग्रह गर्नुभएको हो । छुकार कालीगण्डकी नदीको सहायक खोला हो । यहाँको अन्नपूर्ण गाउँपालिकाको गोप्चेपानी टितर, दाना घरा, सुकेबगर, गुइँठे भुरुङ, तातोपानी, पोखरेबगर, ठूलोबगर, महभिर, तिप्ल्याङ, बैसरी, घुमाउने ताल, तिलकेनी र बेनीको कालीपुल क्षेत्र कालीगण्डकी नदीको तटीय क्षेत्रमा रहेका बस्ती हुन् ।

नदीमा बाढीको सतह बढ्दा तटीय क्षेत्रमा कटान हुनसक्ने भएकाले सतर्कता अपनाउन स्थानीयबासीलाई प्रशासनले आग्रह गरेको हो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# भोटेकोसी बाढीको वितण्डा

रसुवामा गएको बाढीमा परेकामध्ये नौजनाको शव फेला परेको छ। मंगलबार राति एकजनाको शव चितवनमा भेटिएसँगै मृत्यु हुनेको सख्ंया नौ पुगेको छ । प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको पछिल्लो विवरणअनुसार अझै १९ जना बेपत्ता रहेका छन् । उक्त बाढीमा परेर रसुवाबाट हराइरहेका प्रहरी सहायक निरीक्षक लालबहादुर श्रेष्ठको शव चितवनको १५ किलोस्थित त्रिशूली नदी किनारमा फेला परेको हो ।

२० जना बेपत्ता रहेकामा श्रेष्ठको शव फेला परेपछि अब १९ जना बेपत्ता छन् । दुई प्रहरी, ६ चिनियाँ नागरिक र ११ जना सर्वसाधारण बेपत्ता छन् । यस्तै, ५७ जनाको उद्धार भएको प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । उक्त बाढीमा परेकाको उद्धारका लागि ३८३ जना प्रहरी टोली परिचालन गरिएको थियो । उक्त बाढीले नेपाल चीन सीमा क्षेत्रको मितेरी पुल बगाएको, २४ वटा कन्टेनर, ६ वटा ट्रक र ३५ वटा इभी गाडी बगाएको छ। धुन्चेदेखि टिमुरे जाने सडकसमेत अवरुद्ध भएको छ। रसुवागढी हाइड्रोको ड्याम, भन्सार कार्यालय रसुवाको यार्डमा समेत क्षति भएको छ।

नेपालको चीनतर्फको मुख्य व्यापारिक नाका रसुवागढीबाट हुने व्यापार पूर्णरूपमा टुटेको छ । साथै, भयानक क्षतिका कारण यहाँबाट हुने व्यापार समेत अनिश्चित बनेको छ। चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिना (जेठ महिना) सम्म रसुवागढी नाकाबाट ८० अर्ब ९१ करोड ४८ लाख रुपैयाँ बराबरको वस्तु आयात भएको छ। १ अर्ब ९६ करोड १४ लाख बराबरको वस्तु निर्यात भएको छ।

चीनतर्फको अर्को नाका तातोपानीबाट यो अवधिसम्म ४६ अर्ब ८९ करोडको आयात भएको छ। निर्यात व्यापार शून्य छ। चीनतर्फ हवाईमार्गबाट हुनेबाहेक व्यापार यी दुई नाकाबाट हुने गरेको छ। मंगलबार बिहान आएको विनाशकारी बाढीले यस नाकाको मितेरी पुल नै बगाएसँग अब रसुवागढीबाट तत्काल आयात-निर्यात हुने छैन । चीनतर्फबाट रसुवागढी नाका हुँदै नेपाल प्रवेश गर्ने भोटेकोशी नदीमा आएको बाढीले नेपाल-चीन जोड्ने मितेरी पुल बगाएसँगै सडक सम्पर्क पूर्णरूपमा टुटेको छ । अर्कातर्फ, स्याफ्रुबेंसी-रसुवागढी सडक खण्ड बाढीका कारण पूर्णरूपमा अवरुद्ध भएको छ।

रसुवा भन्सार कार्यालय यार्डमा क्षति पुगेको छ । ईभी चार्जिङ स्टेसनमा क्षति पुगेको छ। साथै, रसुवागढी जलविद्युत् आयोजनाको ड्याममा समेत क्षति पुगेको छ । १८ नागरिक वेपत्ता छन् । सुरक्षा निकायले ५५ जनाको उद्धार गरेको छ। नेपाल इन्टरमोडल विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलका अनुसार तत्कालका लागि यो नाकाबाट अन्तर्राष्ट्रिय व्यापार सम्भव छैन।

रसुवा बाढीका कारण सुक्खा बन्दरगाह क्षेत्रमा रहेका कन्टेनर तथा ट्रकहरू बगाउँदा करोडौं क्षति भएको छ। आयात निर्यातका व्यापारिक मालसामान मात्रै करिब ५ अर्बको क्षति भएको प्रारम्भिक अनुमान छ । तर, बाढीग्रस्त क्षेत्रमा कति गाडी थिए, कति बगे भन्ने यकिन तथ्यांक आउन सकेको छैन। त्यसैले यति नै क्षति पुग्यो भन्न सकिन्न। यो बाढीले पुल र सडक समेत बगाएका कारण चीनतर्फको व्यापार धेरै समय प्रभावित हुनेछ 'अब दसैंका लागि सामान आयात हुने बेला हो। त्यसो हुँदा रसुवागढी नाकाबाट हुने आयात निर्यात निकै महत्वपूर्ण हुन्छ,।' 'यस्तो महत्त्वपूर्ण समयमा आएको बाढीका कारण चीनसँगको व्यापारमा निकै ठूलो क्षति हुने देखिन्छ।' सरकारले उद्दार, राहत र पुनःनिर्माण का कामलाई युद्धस्तरमा गर्नु आवश्यक छ।

# म्याग्दीका पर्यटकीयस्थल सुनसान

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ असार

वर्षा सुरु भएसँगै यहाँका पर्यटकीयस्थल सुनसान हुन थालेका छन् । घोडेपानी, पुनहिल, मोहरेडाँडा, खोप्रा, टोड्के, अन्नपूर्ण आधार शिविर, सिङ्गा र भुरुङ, तातोपानी कुण्ड, रुप्से, नारच्याङ झरनालगायत क्षेत्रमा वर्षा सुरु भएसँगै घुम्न आउने पर्यटक घटेका हुन् ।

अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीस्थित होटल व्यवस्थापन उपसमितिका अध्यक्ष मिना पुनले प्रतिकूल मौसमका कारण पछिल्लो समय पर्यटकको आगमन घटेको बताउनुभयो। विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख गन्तव्यका रूपमा रहेको घोडेपानीमा दैनिक एक हजार क्षमताका २५ वटा सुविधायुक्त होटल रहेका जनाउँदै ती होटलहरू आजभोलि सुनसान रहेका उहाँले उल्लेख गर्नुभयो।

"जेठदेखि भदौसम्म झरी लाग्ने, सडक तथा पदमार्ग अवरुद्ध हुने हुँदा पर्यटन व्यवसायका हिसाबले बेमौसमी मानिन्छ", पुनले भन्नुभयो, "पहाडी क्षेत्रमा बादल लागेर हिमाल छोपिने हुँदा पर्यटक आगमन नभएको हो।"

बेनी-जोमसोम सडक भएर मुस्ताङ जानेआउने पर्यटकहरूका लागि थकान मेटाउने थलोका रूपमा रहेको अन्नपूर्ण गाउँपालिका-२ स्थित भुरुङ तातोपानी र प्राकृतिक उपचारस्थलका रूपमा बेनी-४ स्थित सिङ्गा तातोपानी कुण्ड पनि सुनसान बनेको छ।

सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका पूर्वअध्यक्ष वीरेन्द्रमान शाक्यले पर्यटकीय याममा दैनिक एक हजारको हाराहारीमा स्नान गर्ने धार्मिक पर्यटक तातोपानी कुण्डमा स्नान गर्न आउनेमा अहिले दैनिक ५० जना पनि नपुग्ने गरेको बताउनुभयो । म्याग्दीमा पदयात्रा, हिमाल आरोहण, हिमशृङ्खला, सूर्योदय, झरना, गल्छी, ग्रामीण जनजीवन र विभिन्न जातजातिको संस्कृतिको अवलोकनका लागि पर्यटक आउने गर्छन् । असोज, कात्तिक, फागुन, चैत र वैशाख महिना पर्यटकीय यामका रूपमा मानिन्छ । जेठ, असार, साउन र भदौ महिना पर्यटक आगमन शून्य जस्तै हुने गरेको छ। पर्यटक आगमन बघेसँगै होटल तथा पर्यटन व्यवसायीहरू फुर्सदिला भएका छन्, पदमार्गमा चहलपहल छैन । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार म्याग्दीमा वार्षिक ३० हजारको हाराहारीमा विदेशी पर्यटक आउने गरेका छन्।

# लेकसिटी कलेजबाट स्नातक तह पूरा गरेका विद्यार्थीको सम्मानमा विदाइ कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

लेकसिटी कलेज एण्ड रिसर्च सेन्टर पोखराले स्नातक तह अध्ययन पूरा गरेका विद्यार्थीहरुको सम्मानमा एक कार्यक्रमको आयोजना गरि विदाइ गरेको छ।

कलेजमा स्नातक तह तृतीय वर्षमा अध्ययनरत विद्यार्थीहरुको आयोजनामा शनिवार भएको कार्यक्रममा खादा र मायाको चिनोसहित उनीहरुलाई विदाइ गरिएको हो।

कार्यक्रमका प्रमूख अतिथि तथा कलेज संचालक समिति अध्यक्ष प्रा. डा. विश्वकल्याण पराजुलीले विद्यार्थीहरुलाई आगामी दिनका लागि शुभकामना दिँदै समाजको हितका लागि सदैव क्रियाशील हुन आग्रह गरे। समय अनुकुल आधुनिक शिक्षा प्रदान गर्ने कुरामा कलेज प्रतिवद्ध रहेको बताउँदै अध्यक्ष प्रा. डा. पराजुलीले लेकसिटीका विद्यार्थीहरु समाजमा अव्वल सावित हुने विश्वास व्यक्त गरे। धेरै मानिसले आफ्ना लक्ष्य र उद्देश्यको पहिचान कलेज जीवनमा गर्ने गरेको भन्दै परिचय निर्माण र शीप विकासमा पनि



केन्द्रित हुन उनले विद्यार्थीलाई सुझाव दिए । सो अवसरमा कलेजका सहायक क्याम्पस प्रमुख शोभकान्त सिग्देलले संस्थाको हरेक गतिविधिलाई अघि बढाउन विद्यार्थीले खेलेको भूमिका स्मरणीय रहेको उल्लेख गरे । सहायक क्याम्पस प्रमुख सिग्देलले अध्ययन पूरा गरेर विदा भए पनि कलेजले पूर्वविद्यार्थीहरुलाई सँधै संस्थाको सदस्यका रुपमा सम्मान गरिरहने बताए।

कार्यक्रममा मानविकी तर्फ स्नातक तह पूरा गरेका विद्यार्थीद्धय मार्था हिताङ र स्मृति काफ्लेले मन्तव्य राख्दै कलेजमा अध्ययन गर्दाका विभिन्न प्रसंगहरु स्मरण गरे । उनीहरुले लेकसिटी सदैव जीवनको अभिन्न अंग बनिरहने बताए। विविएस तेस्रो वर्षमा अध्ययनरत विद्यार्थी प्रतीक पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको संचालन विद्यार्थीद्धय अस्मिता रानाभाट र सम्झना भट्टराईले गरेका थिए।

मानविकीतर्फ स्नातक तहको अध्ययन पूरा गरेकी विद्यार्थी मिसान गोम्जाले गीत प्रस्तुत गरेकी थिइन । त्यसैगरी कलेजमा मानविकी र व्यवस्थापनतर्फ स्नातक तहमा विभिन्न वर्षमा अध्ययनरत विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुतिका रुपमा नृत्य प्रस्तुत गरेका थिए।

कार्यक्रममा कलेजमा अध्ययापनरत प्राध्यापकहरुले विद्यार्थीहरुलाई टिका, खादा र मायाको चिनो प्रदान गरेर सम्मान गरेका थिए । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त लेकसिटी कलेज २०६४ मा स्थापना भएको हो । हाल कलेजमा तीन सय ५० विद्यार्थी अध्ययनरत छन्।

कलेजले शैक्षिक गतिविधिका अलावा अध्ययनरत विद्यार्थीलाई सहभागी गराएर विभिन्न कार्यक्रम वार्षिक रुपमा गर्दै आइरहेको जनाएको छ। रक्तदान, वृक्षरोपण, शैक्षिक भ्रमण तथा अवलोकन जस्ता कार्यक्रमलाई निरन्तरता दिइएको छ। लेकसिटीस्थित सामाजिक विज्ञान केन्द्रले विभिन्न विषयमा मौलिक प्रस्तुतिका रुपमा हरेक महिना कचहरी कार्यक्रम गर्दै आएको छ। कलेजले स्नातक तहमा व्यवस्थापन तर्फ बीबीएस र मानविकी तर्फ पत्रकारिता तथा आमसञ्चार, समाजशास्त्र, अंग्रेजी साहित्य र बिएएसडब्लु (समाजसेवा) विषयमा पठनपाठन गर्दै आएको छ।

# पक्की बनाइयो सत्तरी वर्ष पुरानो माटे सिँचाइ पोखरी

**पोखरापत्र संवाददाता**
वालिङ, २४ असार

यहाँको वालिङ नगरपालिका-१३ कटौंजेमा रहेको पुरानो सिँचाइ पोखरी पक्की बनाइएको छ । २०१० सालमा स्थानीयले पानी सङ्कलन गरी सिँचाइ गर्ने उद्देश्यले निर्माण गरिएको पोखरी पक्की बनाइएको हो।

गण्डकी प्रदेश सरकारले सिँचाइ प्रयोजनार्थ सो पोखरीलाई आधुनिक तवरले निर्माण गरी पानी सङ्कलन गर्न रु २० लाख बजेट विनियोजन गरेको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका प्राविधिक शिवराज थापाले जानकारी दिनुभयो । "वर्षौंदेखिको पुरानो माटे पोखरीमा पानी सङ्कलन गरेर खेतीपातीमा कृषकले प्रयोग गर्दै आउनुभएको रहेछ," उहाँले भन्नुभयो, "माटे पोखरीमा पानी सङ्कलन गर्दा नअडिने, चुहिएर समस्याबाट सास्ती खेपेका कृषकलाई पोखरी पक्की बनेपछि सहज हुने छ।"

पोखरी १६ मिटर लम्बाइ, आठ मिटर चौडाइ र डेढ मिटर उचाइको छ। पोखरीमा दुई लाख २५ हजार लिटर पानी सङ्कलन गर्न सकिन्छ । कृषकलाई पानी आवश्यक हुँदा खोल्नका लागि 'गेटबल' र दुईवटा शाखा कुलो निर्माण गरिएको छ । पोखरीसँगै खेतमा पानी पुऱ्याउन ६० मिटर कुलो पक्की बनाइएको छ। कटौंजे सिँचाइ तथा पोखरी व्यवस्थापन उपभोक्ता समितिमार्फत बाउबाजेले निर्माण गरेको पुरानो माटे पोखरीलाई पक्की बनाइ व्यवस्थित गरिएको उपभोक्ता समितिका अध्यक्ष बालप्रसाद डुम्रेले बताउनुभयो। उहाँले भन्नुभयो, "अब पोखरीमा सङ्कलन गरिएको पानी चुहिएर खेर जाने समस्या हुँदैन, खेतीपातीमा पानी लगाउन सहज हुने छ।" एक हजार १५० मिटर टाढाको ठूलो खोलामा बाँध बाँधेर पाइपमार्फत पोखरीमा पानी ल्याइएको छ । खोलाबाट पोखरीसम्म पानी ल्याउन वालिङ नगरपालिकाले पटक पटक गरी रु ११ लाख सहयोग गरेको उपभोक्ता समितिका अध्यक्ष डुम्रेले बताउनुभयो । पोखरीमा सङ्कलित पानीले ३५० रोपनी क्षेत्रफलमा सिँचाइ गर्न सकिने भएको हो । वर्षौंदेखि सिंचाइ अभावमा खेतीपाती गर्दै आएका कृषक सिँचाइ पोखरी निर्माण भएसँगै हर्षित बनेका छन्।

# गगनकालिकाको १५ औं स्थापना दिवसमा रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

पोखरा महानगरपालिका वडा नं ३२ तल्लो गगनगौडामा मुख्य कार्यालय रही पोखरा महानगरपालिकाका वडा नं २९, ३०, ३१, ३२ र ३३ मा आफ्नो सेवा क्षेत्र बनाइ कृयाशिल गगनकालिका बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १५ औं स्थापना दिवसका अवसरमा आज रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा ४२ जना रक्तदाताले रक्तदान गरेका छन् । कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले रक्तदानको महत्वबारे प्रकाश पार्नुभयो । वडामा भैरहेका विकास निर्माण लगायतका विषयमा उहाँले जानकारी गराउनुभयो।



कार्यक्रमका सभापति एवम् गगनकालिका बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष किसान परियारले संस्थाले समाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरिएको बताउनुभयो। सहकारीको सेवालाई समय सापेक्ष गुणस्तरीय र प्रभावकारी बनाउने उद्देश्यका साथ मोवाइल बैंकिङ सेवा सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो।

सहकारीका संस्थापक सचिव एवम् पूर्व अध्यक्ष मेघराज पौडेलले संस्था स्थापना यता भैरहेका कामको चर्चा गर्नुभयो । सहकारीका अध्यक्ष किसान परियारको सभापतित्व एवम् कार्यबाहक सचिव गीता थापाले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपाध्यक्ष कमलबहादुर पुनले गर्नुभएको थियो भने सदस्य मनमाया पुनले सहकारीको सिद्धान्त वाचन गर्नुभएको थियो । कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका महासचिव जानुका पराजुली, सदस्य भरत थापा, रक्तदाताका तर्फबाट रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल, पूर्व रक्तदाता मोहनकुमार प्रधान, गगन महिला विकास सहकारी संस्थाका अध्यक्ष निशा पौडेल, गगनगौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष बसन्तराज पौडेल लगायतले बोल्नुभएको थियो । सहकारीका कुल ७४० शेयर सदस्य रहेकोमा शेयर पुँजी चार करोड २६ लाख रुपैयाँ रहेको छ । सहकारीको कुल कारोबार १५ करोड रुपैयाँ भन्दा बढी रहेको छ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ वडा कार्यालय स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : वडा कार्यालय स्तरोन्नती
उपभोक्ता समितिको नाम : वडा कार्यालय स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२५, कास्की
योजना सम्झौता मिति : २०८१/१०/१३
योजना सुरु मिति : २०८१/१०/१५
योजना सम्पन्न भएको मिति : २०८२/०३/२४
महानगरपालिकाबाट : रु. ३०,००,०००/-
जनसहभागिता : रु. ३,३३,३३३/३३
योजनाको कुल लागत : रु. ३३,३३,३३३/३३
समिति सदस्य संख्या : ७, महिला : ३

**अर्जुन पौडेल**
**अध्यक्ष**
**वडा कार्यालय स्तरोन्नती उपभोक्ता समिति,**
**पोखरा-२५, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ जनजागृती टोल बाट होटल म्यानेज्मेन्ट सडक गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : जनजागृती टोल बाट होटल म्यानेज्मेन्ट सडक
उपभोक्ता समितिको नाम : जनजागृती टोल बाट होटल म्यानेज्मेन्ट सडक उपभोक्ता समिति, पोखरा-१४, कास्की
योजना सम्झौता मिति : २०८२/०१/२१
योजना सुरु मिति : २०८२/०१/२२
योजना सम्पन्न भएको मिति : २०८२/०३/२३
महानगरपालिकाबाट : रु. १७,००,०००/-
जनसहभागिता : रु. ५,३६,३७५/-
योजनाको कुल लागत :२१,८५,३७५/-

**राजकुमार गुरुङ**
**अध्यक्ष**
**जनजागृती टोल बाट होटल म्यानेज्मेन्ट सडक**
**उपभोक्ता समिति, पोखरा-१४, कास्की**


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पटनाबाट इन्डो नेपाल मनसुन कार र्‍यालीका साथ भारतीय पर्यटन व्यवसायी पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

भारतको पटनाबाट त्यहाँका पर्यटन व्यवसायीहरूले इन्डो नेपाल मनसुन कार र्‍याली २०२५ एण्ड इन्डो. नेपाल कल्चरल एण्ड टुरिज्म एक्सचेन्ज कार्यक्रमका साथ पोखरा र आसपासका क्षेत्रको भ्रमण गरेका छन् ।




पर्यटनको बेसिजनका रुपमा रहेको यस समयमा भएको भारतीय पर्यटन व्यवसायीको पर्यटन राजधानी पोखराको आगमनलाई अर्थपूर्ण रुपमा लिइएको छ । बिभिन्न ब्राण्डका १५ एस युभी सवारी साधनमार्फत ३५ जना भारतीय पर्यटक पटनाबाट बीरगंज नाकाहुँदै पोखरा आइपुगेको पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष सोम थापाले बताउनुभयो । पोखरामा आयोजित कार्यक्रमको संयोजन समेत गर्नुभएका थापाका अनुसार भारतीय पर्यटकको टोलीले पोखरा आसपासका पर्यटकीय गन्तव्य क्षेत्रको भ्रमण गरेको थियो ।

उक्त टोलीले बञ्जी, जीपलाइन, स्वीङ लगायतका गतिबिधिका साथै पोखरामा अफरोड कार ड्राइभ सहित ग्यारजाती, मेथलाङ, सेदी लगायतका स्थान पुग्दै त्यसको रोमाञ्चक अनुभव लिएको उहाँले जानकारी दिनुभयो । पोखरामा आयोजित कार्यक्रमको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, बुमरेङ रेष्टुरेन्ट, प्याडल नेपाल लगायत संघसंस्थाले सहयोग गरेका थिए ।

पटनाबाट बीरगंज हुँदै पोखरा र यस आसपासका क्षेत्रमा गरिएको कार र्‍यालीको यात्रा रोमाञ्चक भएको मगध मोटर स्पोर्ट्स क्लब पटना बिहारका अध्यक्ष प्रनभ साहीले बताउनुभयो । पछिल्लो समयमा यस क्षेत्रको सडकको सुधार भएकोले पनि यात्रा सहज भएको उहाँको अनुभव छ । अध्यक्ष साही सहित क्लबका सचिव निलमणि कुमार, कोषाध्यक्ष एवम् कार र्‍याली संयोजक सुमिता साही, उपाध्यक्ष एस के सिंह लगायत सहभागी हुनुहुन्थ्यो । नेपालको पर्यटन प्रवद्र्धनमा कार र्‍याली जस्ता कार्यक्रम महत्वपूर्ण हुने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो ।

बोर्डले यहाँको पर्यटकीय आकर्षण बढाउन विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम गर्ने उहाँको भनाइ छ । भारतीय पर्यटकको कार र्‍याली जस्ता गतिविधिले पोखराको पर्यटनमा विशिष्ट महत्व राख्ने पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो । पोखरा सबै मौसमका लागि भन्ने नारालाई यस्ता कार्यक्रमले थप मद्धत पुर्‍याउने पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष गणेशबहादुर भट्टराईले बताउनुभयो ।

# स्याङ्जाका चार उत्कृष्ट कृषक सम्मानित

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २४ असार

कृषि ज्ञान केन्द्र स्याङ्जाले यहाँका चार उत्कृष्ट कृषकलाई आज सम्मान गरेको छ । गण्डकी प्रदेश सरकारको 'उत्कृष्ट कृषि पुरस्कार' कार्यविधिका आधारमा स्याङ्जामा चार जना कृषकलाई सम्मान गरिएको हो ।

जिल्लाभित्रका विभिन्न भागमा रही वर्षौंदेखि कृषिलाई नै व्यावसायिकरूपमा अगाडि बढाउँदै आउनुभएका नमूना कृषकहरू छनोट गरी पुरस्कृत गरिएको कृषि ज्ञान केन्द्र स्याङ्जाका सूचना अधिकारी विकास विकले बताउनुभयो । सम्मानित हुनेहरूमा फलफूलखेती (सुन्तला) तर्फ अर्याल अर्गानिक एग्रोफर्मका पुतलीबजार नगरपालिका-१० का सञ्चालक रामबन्धु अर्याल, मौरीपालनतर्फ आँधीखोला मौरीपालन उद्योग तथा तालिम केन्द्र वालिङ-११ का श्यामप्रसाद अर्याल, मिश्रित खेतीतर्फ पिप्लेक कालिका कृषि फर्मका वालिङ-५ का सञ्चालक हुमनाथ लामिछाने र खाद्यान्न तथा बीउ उत्पादनतर्फ चन्द्रकान्त डुम्रे कृषि फर्म गल्याङ-११ का सञ्चालक चन्द्रकान्त डुम्रे रहनुभएको छ ।

कृषकलाई स्याङ्जाका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले जनही रु १० हजारसहित दोसल्ला र सम्मानपत्रले सम्मान गर्नुभएको हो । कृषि ज्ञान केन्द्र स्याङ्जाले गएको साउनमा कृषक सम्मानका लागि आवेदन दिनेसम्बन्धीको सूचना प्रकाशन गरेको थियो ।

सोही सूचनाका आधारमा जिल्लाभरीबाट १३ वटा कृषकले आवेदन दिनुभएको उहाँले बताउनुभयो । "कार्यालयले कृषक सम्मानका लागि सूचना प्रकाशन गर्‍यौं, सोही सूचनाका आधारमा १३ वटा कृषक, समूह, फर्महरूबाट आवेदन प्राप्त भयो", उहाँले भन्नुभयो, "प्राप्त भएका आवेदनको आधारमा मूल्याङ्कन गर्दा चार जना छनोट हुनुभएको हो ।" कृषकलाई छनोट गर्दा विधागत रूपबाट प्रतिनिधित्व हुने गरी छनोट गरिएको हो । यसै वर्षबाट उत्कृष्ट कृषक सम्मान कार्यक्रम कार्यान्वयन भएको हो । यसवर्ष सम्मानित हुनुभएका कृषकहरू आगामी वर्षमा पुरस्कृत हुन नपाउने कार्यविधिमा उल्लेख रहेको उहाँले बताउनुभयो । प्रजिअ अर्यालका अनुसार विधागतरूपमा सम्मानित कृषकहरूले जिल्लाकै नमूना कृषकको रूपमा पहिचान बनाउनुभएको छ । उहाँहरूको आम्दानीको मुख्य स्रोत व्यावसायिक कृषि नै हो । लामो समयदेखि व्यावसायिक कृषि कर्ममा रमाइरहनुभएका वालिङ-५ का ब्यावसायिक अगुवा कृषक हुमनाथ लामिछानेले सम्मानित हुन पाउँदा खुसी लागेको बताउनुभयो । कृषि ज्ञान केन्द्र स्याङ्जाले गरेको सम्मानले भोलिका दिनमा कृषि कर्मप्रति लाग्न थप ऊर्जा मिलेको उहाँको धारणा थियो ।

# मुक्तिनाथ मन्दिरमा दर्शनार्थीमैत्री परिसर स्तरोन्नति

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २४ असार

हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा धार्मिक तीर्थस्थल मुस्ताङको बारागुङ मुक्तिक्षेत्र-१ स्थित मुक्तिनाथ मन्दिर परिसरलाई दर्शनार्थीमैत्री तवरले स्तरोन्नति गरिएको छ । सामाजिक विकास कार्यालय मुस्ताङको चालु आर्थिक वर्षको विनियोजित रु नौ लाख बजेटबाट मन्दिर परिसर स्तरोन्नति गरिएको हो ।



मुक्तिनाथ मन्दिर परिसरको साविकको संरचना नखल्बलिने गरी सामाजिक विकास कार्यालयमार्फत छप्पनी ढुङ्गा बिछ्याउने काम सम्पन्न भएको कार्यालय प्रमुख निरपति दर्जीले जानकारी दिनुभयो । मुक्तिनाथ परिसरमा छप्पनी ढुङ्गा बिछ्याउनका लागि कोटेसन ठेक्का लगाइएको थियो । मन्दिर परिसर, कुण्ड र १०८ धारातर्फ छप्पनी ढुङ्गा बिछ्याउन खिङ्गा कन्स्ट्रक्सनले जिम्मा पाएको थियो ।

कार्यालयको सीमित बजेट भएकाले पूर्ण रूपमा परिसर वरिपरि छप्पनी ढुङ्गा बिछ्याउने काम सम्पन्न हुन नसकेको प्रालिका प्रतिनिधि लाक्पाटसी गुरुङले बताउनुभयो । उहाँका अनुसार सामाजिक विकास कार्यालयमार्फत तीन हजार १४० स्क्वायर फिट छप्पनी ढुङ्गा बिछ्याउने काम सम्पन्न भएको छ । छप्पनी ढुङ्गा बिछ्याएर स्तरोन्नति गरिएपछि मुक्तिनाथ आउने दर्शनार्थीलाई सहज भएको मन्दिर विकास समितिका कर्मचारी रबिन सुवेदीले उल्लेख गर्नुभयो । "मुक्तिनाथ मन्दिर अगाडि र पछाडिको १०८ धारातर्फको परिसरको असहज थियो, पुराना ढुङ्गा उप्किएका थिए", उहाँले भन्नुभयो, "अहिले परिसरको एउटै लेबल मिलाएर नयाँ छप्पनी ढुङ्गा बिछ्याएको छ ।" समितिले मुक्तिनाथमा दर्शन गर्न आउने दर्शनार्थीको सुविधाका लागि २०० लिटर क्षमताको शुद्ध तातोपानी पिउन मिल्ने इलेक्ट्रिकल डिस्पेन्सको व्यवस्था गरेको छ । समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालको पहलमा समितिले बाह्रै महिना तातोपानी पिउने व्यवस्था गरेको सुवेदीले जानकारी दिनुभयो । यसले मुक्तिनाथको उच्च स्थानमा दर्शन गर्न आउने भक्तजनलाई लेक लाग्ने सम्भावनालाई न्यूनीकरण गर्ने उहाँको भनाइ छ ।

कर्मचारी सुवेदीले भन्नुभयो, "यस्तै, १०८ धारामा स्नान गर्ने दर्शनार्थीलाई दुर्घटनाको जोखिमबाट सुरक्षित राख्न रेलिङ निर्माण गरिएको छ । मुक्तिनाथ मन्दिर दर्शनका लागि बर्सेनि सात लाखभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गर्छन् । मन्दिर परिसरमा तातोपानी पिउन व्यवस्था भएसँगै भक्तजनलाई सहज भएको छ । पर्यटकीय याममा पनि दर्शनार्थीलाई तातोपानीको सुविधा भएको छ ।"

# वालिङबाट राष्ट्रिय परिचयपत्र वितरण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २४ असार

स्याङ्जाको इलाका प्रशासन कार्यालय वालिङले राष्ट्रिय परिचयपत्र वितरण शुरु गर्ने भएको छ । इलाका प्रशासन कार्यालय र वडा कार्यालयमा खिचिएका राष्ट्रिय परिचयपत्र वालिङले वितरण गरेको हो ।

इलाका प्रशासन कार्यालय वालिङले चापाकोट, गल्याङ र वालिङ नगरपालिका पुरै, हरिनासका ३, बिरुवाका ३, भीरकोटका ३ वडाको नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र लगायत प्रशासनीक सेवा गर्दै आएको छ । इलाका प्रशास कार्यालयले सेवा प्रवाह गर्ने सबै क्षेत्रको राष्ट्रिय परिचयपत्र वितरण शुरु गर्न लागिएको लेखा प्रमुख विशाल पराजुलीले जानकारी दिए । लामो समयदेखी राष्ट्रिय परिचयपत्रको प्रतिक्षामा बसेका नागरिकले अब धमाधम परिचयपत्र पाउने पराजुलीले बताए । २०७८ सालदेखि २०८१ सालसम्म फोटो खिचाएका ३९ हजार नागरिकले यो सुविधा पाउने छन् । राष्ट्रिय परिचयपत्र पाउने नागरिकको मोबाइलमा म्यासेज समेत पठाइसकिएको लेखा प्रमुख पराजुलीले बताए । पहिलो चरण ५ सय जनालाई राष्ट्रिय परिचयपत्र लिन आउनु भनेर म्यासेजज पठाएका छौं पराजुलीले भने, 'दैनिक मोवाइलमा म्यासेज पठाउछौं, म्यासेजकै आधारमा राष्ट्रिय परिचयपत्र वितरण गछौं ।' मोवाइलमा म्यासेज पुगेका सेवाग्राहीले मात्रै राष्ट्रिय परिचयपत्र पाउने छन् उनले भने । अहिलेसम्म इलाका प्रशासन कार्यालय वालिङमा ७० हजार सेवाग्राहीले राष्ट्रिय परिचयपत्रको फोटो खिचाइ सकेका छन् । पहिलो चरण ३९ हजार सेवाग्राहीले मात्रै परिचयपत्र पाउने छन् । यो वितरण सकिएपछि अरु राष्ट्रिय परिचयपत्र पनि बिस्तारै आउने भएकाले सबैले पाउने प्रशासनले जनाएको छ । पछिल्लो समय राष्ट्रिय परिचयपत्रलाई सरकारी कामकाजका लागि अनिवार्य गर्न थालेको छ ।

## माथिल्लो भुरुण्डी ए जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०३/२५**

निको इनर्जी लिमिटेडले गण्डकी प्रदेश कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं ९ भएर बग्ने भुरुण्डी खोला र कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ९ र पर्वत जिल्लाको मोदी गाउँपालिका वडा नं. १ को सिमाना भएर बग्ने महावीर खोलाको पानी प्रयोग गरी ९ मेगावाट क्षमताको माथिल्लो भुरुण्डी ए जलविद्युत आयोजना प्रस्ताव गरेको छ । रन अफ रिभर (RoR) किसिममा निर्माण गरिने उक्त आयोजनाले भुरुण्डी खोलामा बाँध बाँधेर १.८ घनमिटर प्रति सेकेण्ड पानी र महाविर खोलामा बाँध बाँधेर ०.७८ घनमिटर प्रति सेकेण्ड पानीलाई इन्टेक, ग्राभेल ट्राप हुँदै सेटलिङ्ग बेसिनमा पुऱ्याइनेछ । त्यहाँबाट भुरुण्डीखोलाको पानीलाई २६६० मिटर र महाविर खोलाको पानीलाई १९३४ मिटर लामो हेडरेस पाइप मार्फत सर्ज पाइप रहने स्थानमा पुऱ्याइनेछ । त्यसपश्चात जम्मा २.५८ घनमिटर प्रति सेकेण्ड पानीलाई ६८६ मिटर लामो पेनस्टक पाइपको सहायतामा विद्युतगृहमा झारिनेछ । पानीलाई उत्पादनका लागि प्रयोग गरिसकेपछि टेलरेसको माध्यमबाट महाविर खोलामा खसालिनेछ । उत्पादित विजुलीलाई भने १० कि.मि. लामो ३३ के.भी. प्रशारण लाइनमार्फत नेपाल विद्युत प्राधिकरणले निर्माण गरेको मोदी सब-स्टेशनमा जोडिनेछ । वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची २ (नियम ३ सँग सम्बन्धित) को खण्ड च को २ (क) र खण्ड क को १२ अनुसार यस आयोजनाको प्रारम्भिक वातावारणीय परिक्षण गरिएको हो । यस प्रारम्भिक वातावारणीय परिक्षण प्रतिवेदन तयारीको सिलसिलामा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानमा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप यो सूचना प्रकाशित गरिएको छ । यस सूचना मार्फत प्रस्तावित आयोजनाबाट प्रभावित हुने सम्बन्धित गाउँपालिका तथा वडाहरु र सो वडाका सम्पूर्ण विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिहरु, अन्नपूर्ण संरक्षण क्षेत्रका प्रतिनिधिहरु, स्थानीय महानुभावहरु साथै अन्य सबै सरोकारवालाहरुलाई निम्न मिति, समय र स्थानमा उपस्थित भई यस आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन उपर छलफलमा सहभागी भई अमुल्य राय-सुझावहरु दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**आयोजना प्रभावित क्षेत्र सम्बन्धि विवरण**

| | |
|---|---|
| प्रभावित प्रदेश | गण्डकी |
| प्रभावित जिल्ला | कास्की र पर्वत |
| आयोजना निर्माण तथा संचालनको क्रममा प्रभावित हुने गाउँपालिका र तिनका वडाहरु | कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ९ र पर्वत जिल्लाको मोदी गाउँपालिका वडा नं. १ |

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

| | |
|---|---|
| मितिः २०८२/०४/०२ गते, शुक्रबार<br>स्थान :- मोदी गाउँपालिका वडा नं. ०१, झिलीबराङ्ग, बुद्ध यूवा क्लब भवन | समय :- बिहान ११ बजे |

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावक**<br>**निको इनर्जी लिमिटेड**<br>**मध्यपुर ठिमी न.पा.-६, भक्तपुर, नेपाल।**<br>**फोनः ०१-५९२०२१५**<br>इमेलः nikoenergy2018(@)gmail.com | **परामर्शदाता**<br>**रिसोर्सेस ल्याब प्रा.लि.**<br>**नयाँ बानेश्वर, काठमाण्डौं।**<br>**फोन नम्बर :- ०१-५२४४३३३**<br>इमेल :- info@resourceslab.org |

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ रामेश्वर मार्ग स्ट्रिट नं. ८ लोककल्या पथ बाटो ढलान निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः रामेश्वर मार्ग स्ट्रिट नं. ८ लोककलापथ बाटो ढलान
ठेगानाः पोखरा महानगरपालिका वडा नं. १७, कास्की
योजना सम्झौता मितिः २०८२/०२/१५ गते
योजना शुरु हुने मिति : २०८२/०२/१८ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१५ गते
योजनाको कुल लागतः रु. ५,८८,२३५.२९
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ८८,२३५.२९
उपभोक्ता समिति अध्यक्षः चोलाकान्त पाण्डे
सम्पर्क नं.: ९८४६७२८७७०
उपभोक्ता समिति सदस्यः ८ जना महिलाः ३ पुरुषः ५ जना

**रामेश्वर मार्ग स्ट्रिट नं. ८ लोककल्याणपथ बाटो ढलान उपभोक्ता समिति पोखरा-१७ कास्की**

# कास्की शाखालाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

नेपाल पत्रकार महासंघ बागलुङ शाखाले आयोजना गरेको फुटसल प्रतियोगितामा कास्की शाखाले उपाधि जितेको छ । मंगलबार सम्पन्न फाइनल खेलमा आयोजक बागलुङ शाखाको टिमलाई ६-५ गोल अन्तरले पराजित गर्दै कास्की शाखाले उपाधि चुमेको हो । कास्कीले समूह चरणपछि क्वार्टरफाइनलमा बाई पाएको थियो भने सेमिफाइनलमा म्याग्दी शाखालाई ७-२ गोल अन्तरले हराउँदै फाइनल यात्रा तय गरेको हो । उता, बागलुङ शाखाको सेतो टिम समूह चरण पार गर्दै फाइनलमा प्रवेश गरेको थियो ।

प्रतियोगितामा पत्रकार महासंघ बागलुङ शाखाका तीन टिमसहित म्याग्दी, पर्वत र कास्की शाखाको सहभागिता रहेको आयोजकले जनाएको छ ।